# खेर गएको फेव्रिकवाट रेशा(कपास) बनाउने उद्योग

## परिचय

कटनका टुक्रा कपडाहरु, खेर गएको तथा च्यातिएका सूतीका फेव्रिकवाट रेशा (कपास) बनाउने कार्य अहिले नेपालमा धेरै प्रचलित भएको छ । सूतीका गार्मेन्टहरु उत्पादन गर्ने उद्योगहरुमा सूतीका फेव्रिकहरु वढी प्रयोग गर्ने भएकोले, त्यहाँबाट खेर गएका कटनका टुक्रा कपडाहरु यस उद्योगको लागि आवश्यक कच्चा पदार्थको मुख्य श्रोत हुन । यस किसिमको कपास कम गुणस्तरको हुने भएकोले यस्को प्रयोग पनि कम गुणस्तरको उत्पादनको लागि मात्र हुन्छ । हाल कपास आफनो देशमा उत्पादन नभएकोले, विदेशवाट यस्को आयातबाट देशको मागलाई पुर्ति भैरहेकोछ । यसरी खेर गएको कपडाका टुक्राहरुलाई प्रशोधन गरि उत्पादन हुने कपासले केहि हद सम्म भए पनि आयातमा प्रतिस्थापना गरिरहेको छ र यस्तो कपासले देशको मागलाई केहि हद सम्म पुर्ति गरिरहेको छ । त्यसैले यस्ता उद्योगहरु देसमा बढदै पनि छन् । यस्ता उद्योगहरुबाट देसमा रोजगारीको अवसर पनि प्रदान गर्दैआएको छ । खेर गएको फेव्रिकवाट रेशा (कपास) बनाउने उद्योग स्थापना गर्ने उद्यमीहरुलाई यस विभाग वा मातहतका कार्यालयहरुबाट स्कीमको नमूना प्राप्त होस भन्ने आशयले यस विभागबाट स्कीम निर्माण गराइएको हो ।

विभिन्न प्रकारका यस्तो कपास उत्पादन गर्न आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु, विद्युत शक्ति इन्धन, वार्षिक उत्पादन क्षमता, आदिका बारेमा उद्योग खोल्नु पूर्व जानकारी दिन खोजिएको छ । उद्योगीहरुले उत्पादनको प्रकृति हेरी यन्त्र वा उपकरण छान्न, तीनका इफिसियन्सी, उर्जा उपभोग र आर्थिक भारका बारेमा अग्रीम जानकारी समेत प्राप्त गर्न सक्छन् । आफूलाई आवश्यक पर्ने जनशक्ति, बैक बाट लिनु पर्ने ऋण तथा ब्याजका बारेमा, इन्सुरेन्स प्रिमियमका बारेमा सचेत रहन्छन ।

उद्योगलाई आवश्यक पर्ने वार्षिक स्थीर खर्च, चल खर्च तथा भैपरिआउने खर्च, वार्षिक आम्दानी नाफा नोक्सानीको आकलन समेत प्रस्तुत स्कीममा खुलाइ सम्पूर्ण उद्यमीहरुलाई सजिलो बनाइएको छ ।

अझै वातावरणीय प्रतिकूल प्रभावका बारेमा जडान गर्नु पर्ने संयन्त्र तथा उद्योगी स्वयं वातावरण प्रति चनाखो र सक्रिय हुन अपनाउनु पर्ने तथ्य समेत यस स्कीममा उल्लेख गरिएको छ । यस स्कीमले उत्पादन प्रकृया, वातावरणीय पक्ष तथा रोकथामका उपायहरु, कामदारको स्वास्थ तथा सुरक्षा, तालीम र अग्नी तथा विद्युतीय आकस्मिक घटनाका बारेमा समेत समेटेको छ ।

## उत्पादन प्रकृया

कपासका रेशा उत्पादनका प्रमूख प्रकृयाको वर्णन यस प्रकारको छः

### संकलन

गार्मेन्ट उद्योगवाट ठोस खेर बस्तुको रुपमा निस्कने सूती कपडाका टुक्राहरु, अन्य उद्योग तथा घर घरबाट उप्लब्ध हुने सूतीका खेर कपडाका टुक्राहरु संकलन गर्ने ।

### केलाउने

यसरी संकलन भएका सूतीका कपडाका टुक्राहरुमा फलामका टुक्राहरु, साना साना ढुङ्गाहरु तथा अन्य वाह्य पदार्थहरु हुन सक्ने भएकोले ती बस्तुहरु केलाइ हटाउने ।

### छुट्याउने

राम्रो संग केलाएका सूतीका कपडाका टुक्राहरु रंग अनुसार छुट्याउने ।

### कटिङ्ग गर्ने

रंग अनुसार छुट्याएका कपडाका टुक्राहरुलाई स-साना टुक्राहरुमा कटिङ्ग गर्ने ।

### टिजिङ्ग गर्ने

उक्त स-साना टुक्राहरुलाई टिजर मेशिनमा राखी कपासको रुपमा नआएसम्म निरन्तर रुपले पेल्ने ।

### कार्डिङ्ग गर्ने

यसरी उत्पादन गरेका कपासलाई कार्डिङ्ग मेशिनको प्रयोगबाट अझ राम्रो, सफा र मसिनो कपासको रुपमा उत्पादन गर्ने ।

### लेबलिङ्ग र प्याकिङ्ग

यसरी तयार भएको कपासलाई जुटको ब्यागमा लेबल लगाई प्याकिङ्ग गर्ने ।

### उत्पादन प्रकृया प्रवाह




## वातावरणीय पक्ष

### प्रदुषणको किसिम

प्रस्तुत उद्योगबाट खास गरी निम्नानुसारको खेर पदार्थको निस्काशन वा प्रदुषणबाट वातावरणमा असर पार्न सक्ने देखिन्छ ।

| सि.नं. | प्रदुषणको किसिम | निश्कासन हुने बस्तुहरु |
|---|---|---|
| १ | ठोस खेर पदार्थ | धुला धागोहरु,  बहिष्कृत कपडाहरु, बिग्रेका जुटका वोराहरु |
| २ | तरल खेर पदार्थ | केहि पनि हुदैन |
| ३ | ध्वनी प्रदुषण | मेशिनबाट निस्कने ध्वनी |
| ४ | वायु प्रदुषण | कपडाका धुलो |

### रोकथामका उपायहरु

| सि.नं. | प्रदुषणको किसिम | रोकथामका उपायहरु |
|---|---|---|
| १ | ठोस खेर पदार्थ | धुलो धागोहरु र बहिष्कृत कपडाहरुलाई जलाउने तथा बिग्रेका जुटका वोराहरु स्क्राप भेण्डरलाई विक्री गर्न सकिन्छ । |
| २ | तरल खेर पदार्थ | छैन |
| ३ | ध्वनी प्रदुषण | उत्पादनको क्रममा निश्कने आवाजबाट वातावरणमा पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न निम्नानुसारको व्यवस्था गर्नु पर्छ ।<br>➢ मेशिन जडान गर्दा फाउण्डेशन मजबुत गरी कम्पन कम गर्न सकिन्छ ।<br>➢ मेसिनमा ग्रीज लुव्रिकेन्टहरु लगाइने छ जसले गर्दा कम आवाज निस्कन्छ ।<br>➢ कामदारहरुलाई एअर प्लग र अन्य सुरक्षात्मक उपकरणहरुको ब्यबस्था गर्नू पर्छ ।<br>➢ ध्वनी प्रदुषणका कारक मेशिनहरुलाई सेड भित्रमात्र संचालन गर्नु पर्छ । |
| ४ | वायु प्रदुषण | उत्पादन कक्षमा एक्जष्ट फ्यान आदीको ब्यबस्थाले गर्दा प्रदुषीत बायु बाहिर जाने हुनाले वायु प्रदुषण न्यून हुन्छ । |

## सरसफाई

उद्योगबाट निस्कने खेर जाने ठोस पर्दाथहरु, बिग्रेका जुटका वोराहरु हुन् । बिग्रेका जुटका वोराहरु किन्न आउनेलाई बेच्न सकिन्छ । उद्योगमा सरसफाइ राख्न निम्न कार्यहरु गर्नु पर्छ ।

- कारखाना मेशिनहरु सरसफाई गरी बेला बेलामा मर्मत सम्भार गर्नु पर्छ ।
- Good House Keeping Practice अपनाउनु पर्छ ।
- सकेसम्म कपडाका टुक्राका धुलोहरु तथा कागजका टुक्टुकाहरुलाई भुईंमा छरिनबाट रोक्नु पर्छ ।

**कामदारहरुको स्वास्थ्य र सुरक्षा** कामदारहरुको स्वाास्थ्य सुरक्षाको लागी प्राथमिक उपचारको व्यवस्था गर्नु पर्छ । मास्क, पन्जा जस्ता स्वास्थ्य सुरक्षाका साधनहरु उपलब्ध गराउनु पर्छ । कामदारहरुको स्वास्थ्य उपचारको लागि समय समयमा स्वास्थ्य परिक्षणको ब्यबस्था गर्नु पर्छ ।

## ध्वनी प्रदुषण:

मेशिन जडान गर्दा फाउण्डेशन मजबुत गर्नुपर्छ । जसले गर्दा मेशिन सचालन गर्दा कम्पन्न कम हुन्छ । मेसिनमा ग्रीज लुब्रिकेन्टहरु लगाइन्छ जसले गर्दा आवाज कम निस्कन्छ । कामदारहरुलाई एअर प्लग र अन्य सुरक्षात्मक उपकरणहरु को ब्यबस्था गर्नु पर्छ । ध्वनी प्रदुषणका कारक मेशिनहरुलाई छुट्टै कोठा भित्रमात्र संचालन गर्नु पर्छ ।

## ट्रेनिङ्ग:

कामदारहरुलाई आवश्यकता अनुसारको कामको तालिमको व्यवस्था गर्नु पर्छ ।

## अग्नी तथा विधुतिय आकस्मिक घटना:

कपडाका टुक्रा तथा धुलोहरु भएकाले यस उद्योगमा वढी आगलागीको सम्भावना भएकोले अग्नी नियन्त्रण गर्न अग्नि निवारक सिलिण्डर तथा पानीको जर्गेना कारखानामा राख्नेकार्यमा प्राथमिकता दिनु पर्छ । विद्युतिय तार जडानमा विषेश होसियारी अपनाउनु पर्छ ।